## मिति २०७६।१२।०६ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको वैठकका निर्णयहरु

**निर्णय नं. १:-** माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा गठित कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको आठौं वैठकका निर्णयहरुका सन्दर्भमा यस कार्यकारी समितिको वैठकमा छलफल भयो । साथै उक्त वैठकमा भएका निर्णयहरु सम्वन्धित निकायहरुले तदारुकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** हाल हावाहुरी, चटयाङ्ग, डढेलो, वाढी पहिरो, डुवान, कटान जस्ता विपद्का कारण देशका विभिन्न भागमा जनधनको क्षति हुन सक्ने भएकोले सोको न्यूनीकरणका लागि गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति एवं सम्वद्ध निकायहरु जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य एवं राहत तथा पुनर्स्थापना सम्वन्धी कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३:-** देहाय वमोजिमका सुझावहरु माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा रहेको उपरोक्त समितिमा पेश गर्ने निर्णय गरियो ।

३.१ कोभिड-१९ सम्वन्धी सही सूचना दिने प्रयोजनका लागि सञ्चार माध्यममा निश्चित समय तोकी सो समयमा सूचनामूलक आधिकारिक समाचार प्रसारण व्यवस्था मिलाउन उपयुक्त हुने ।

३.२ विभिन्न आँकलन अनुसार कोरोना भाइरसको प्रकोप वढोत्तरी अवस्थामा रहेकोले उपचारको व्यवस्था तथा क्षमता वढाउने । यसका लागि Testing Measures जस्तै ज्वरो नाप्ने Infrared thermometer, mask, sanitizer, PCR laboratory आदिको थप आपूर्तिको व्यवस्था मिलाउनु पर्ने ।

३.३ २५ जना भन्दा वढी भेलाजम्मा नहुने भन्ने निर्णय नै भैसकेको र कोरोनाको बढ्दो प्रभाव समेतलाई दृष्टिगत गरी वढी भिडभाड हुने यातायात, मालपोत, जिल्ला प्रशासन कार्यालय जस्ता कार्यालयहरुमा सेवा प्रवाह वन्द गर्न उपयुक्त हुने ।

२०७६/१२/६

३.४ विपयको संवेदनशीलता हेरी कोभिड-१९ सम्वन्धी सरकारी निर्णयहरु सवै निकायले ठोस रुपमा कार्यान्वयन गर्ने गराउने सोको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

३.५ २५ जना भन्दा वढी मानिसहरु जम्मा हुन नपाउने कारण रक्तदान (blood donation) कार्यक्रम रोकिने भई रगतको कमी हुने अवस्था आउनेतर्फ समेत समयमै ध्यान दिनुपर्ने ।

३.६ क्षमता अनुसार पेट्रोलियम पदार्थको भण्डारण वढाउन नेपाल आयल निगमले व्यवस्था मिलाउने ।

३.७ कोभिड-१९ का शंकास्पद विरामीका लागि सम्पर्क गर्ने अस्पतालको सूची तोक्ने व्यवस्था मिलाउने ।

३.८ सिंहदरवारको दक्षिण गेटमा कोभिड-१९ का लक्षणहरु चेकजाँचको व्यवस्था गर्ने ।

३.९ ७७ वटै जिल्लाका जिल्ला विपद् व्यवस्थापन समितिको वैठक वसी कोभिड-१९ संक्रमण रोकथाम गर्ने, प्रतिकार्य योजना वनाउने, कार्यन्वयन गर्ने र अनुगमन गर्ने व्यवस्था मिलाउने ।

३.१० सीमा नाकामा अनिवार्य रुपमा चेकजाँच गर्ने, ज्वरो आएको, सुख्खा खोकी लागेको, स्वास फेर्न गाह्रो भएको विरामीलाई Isolation मा राखी परीक्षण गर्ने ।

३.११ राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) लाई २४ सै घण्टा सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने ।

गृह मन्त्रालयवाट सञ्चालन हुँदै आएको केन्द्रीय विपद् व्यवस्थापन कोषमा १ अर्व ५३ करोड ७० लाख ३८ हजार १ सय ५५ रुपैया २० पैसा मात्र मौज्दात रहेको विपयमा वैठकमा जानकारी गराइयो ।